आज मिति २०७७/११/१६ गतेका दिन दिउँसो २:०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | ०७७।११।१६ |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिम्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री हरि वहादुर चन्द | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१) | श्री दिल्ली राज ओझा | आमन्त्रित | |
| ३२) | श्री द्विज राज भट्ट | आमन्त्रित | |

**निर्णय नं. १.**यस धनगढी उपमहानगरपालिकाबाट नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयबाट जारी सूचना अनुसार पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास तथा पर्वद्धनका लागि पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपज कार्यक्रम सम्बन्धि कार्यविधि, २०७७ अनुसार लागत साझेदारीमा पर्यटकीय गन्तब्य पूर्वाधार विकासतर्फका लागि वडा नं. ३ चटकपुरमा नेतुवा तालको पानी निकास सहितको वाटर पार्क निर्माण कार्यका लागि प्रस्ताव माग गरेकोमा उक्त प्रस्ताव मन्त्रालयको मिति २०७७/१०/२९ को निर्णय अनुसार छनौट भएकोले उक्त कार्यको Revised DPR तयारीका साथै बोलपत्र सम्बन्धि कागजात तयार गर्न लागत खर्च तपसिल अनुसार गर्ने गरि कार्य अगाढी बढाउने निर्णय गरियो।

**तपसिल :**

नेपाल सरकार- ५,००,००,०००।- ( अक्षेरेपी पाँच करोड)

नगरपालिका- ४,८८,००,०००।- (अक्षरेपी चार करोड अठासी लाख)

कूल लागत - ९,८८,००,०००।- (अक्षरेपी नौ करोड अठासी लाख)

**निर्णय नं. २.**स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यविधि कार्यका बारेमा जानकारी गराइयो र उक्त कार्यक्रमलाई तत्काल कार्यान्वयनमा ल्याउने प्रक्रियालाई अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.३.**यस धनगढी उपमहानगरपालिकाका अधिकांश वडाहरुमा स्वास्थ्य केन्द्रहरु स्थापना भई स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेकोमा स्वास्थ्य सेवा विस्तार गर्न बाँकी रहेका वडाहरु क्रमश: १, २, ३, ४, ५, ८, ९, १४, १८ सेवा विस्तार गर्न आधारभूत स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्ने कार्यका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.४.** यस धनगढी उपमहानगरपालिकाका लागि विधेयक समितिबाट पेश हुन आएका तपसिल बमोजिमका कार्यविधी र नीतिहरु स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल:-**

(क) सूचना तथा संचार प्रविधि प्रयोग सम्बन्धी कार्यविधी, २०७७।

(ख)धनगढी उपमहानगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधी, २०७७।

(ग) धनगढी उपमहानगरपालिकाको लैङ्गिक समानता तथा समावेशिकरण नीति, २०७७।

**निर्णय नं.५.** यस धनगढी उपमहानगरपालिकाको विधेयक समितिबाट पेश हुन आएका तपसिल बमोजिमका विधेयकहरु (ऐनको मस्यौदा) उपर दफावार छलफल भई स्वीकृतीका लागि आगामी नगरशभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल :-**

(क)न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ पहिलो संसोधनका लागि।

(ख)धनगढी उपमहानगरपालिकाको स्वास्थ्य विधेयक, २०७७।

(ग) धनगढी उपमहानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७।

**निर्णय नं. ६.** यस धनगढी उपमहानगरपालिकाको चालू आ.व. को आन्तरिक राजश्व वृद्धिका लागि तपसिल बमोजिमका कार्यक्रमहरु अगाडी बढाउने निर्णय गरियो।

**तपसिल :-**

(क) प्रचार प्रसार गर्ने कार्यका लागि माईकिङ्ग, रेडियो, टि.भि. तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार गर्ने।

(ख)उपमहानगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवामा अनिवार्य रुपमा उपमहानगरपालिकालाई बुझाउनु पर्ने व्यवसाय कर, घरवहाल कर, साना सवारी साधन कर र अन्य कर बुझाए नबुझाएको एकिन गरि बुझाउन बाँकी देखिएमा असुल गरी सेवा प्रदान गर्ने।

(ग) छडके अनुगमन कार्य अगाडी बढाउने।

(घ) गत विगतको बुझाउन बाँकी बक्यौताको जरिवानामा चैत्र मसान्त सम्मका लागि ५० प्रतिशत छुटको व्यवस्था गरी कर असुल गर्ने र छडके अनुगमन समितिको संयोजकमा उपमहानगरपालिका सदस्य श्री कल्याणी सिंहलाई तोक्ने बाँकी २ जना कर्मचारी उपलब्ध गराउने जिम्मा प्रमुख प्रशासकीय अधिकृतलाई दिने।

**निर्णय नं.७.** यस धनगढी उपमहानगरपालिकाको कर प्रणालीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउन र कर प्रणालीलाई चुस्त दुरुस्त अनलाईन बनाउन Tax Payment System मा आवद्ध गर्ने कार्यका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.८.** यस धनगढी उपमहानगरपालिकामा USAID को सहयोगमा संचालित घर धुरी सर्वेक्षण फारम संकलन कार्यमा खटिएका गणकहरुलाई प्रति फारम दिइदै आएको रु ४० मा रु. १० थप गरी प्रति फारम रु.५० का दरले उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.९.** यस धनगढी उपमहानगरपालिका अन्तर्गत निर्माण भएको मोहना- अत्तरीया 6-Lane सडकको विभिन्न स्थानमा Cross-Drainage Culvert हरु निर्णय भएको कारण दायाबाँयाका स्थानहरु डुवान भएकाले सो Cross-Drainage को पानी निकासका लागि नाला निर्माण गर्ने योजना स्विकृतिका लागि भौतिक विकास मन्त्रालय, सडक विभाग संग माग गर्ने निर्णय गरियो।

**निर्णय नं.१०.** यस उपमहानगरपालिका वडा नं. ५ तारानगर स्थित नमुना टोल सुकुटी खोलामा पुल निर्माण गर्दा, जग खन्ने क्रममा स्थानीय निवासी पदम भट्टको इटाको गारो भएको ३ कोठे घर भत्किन गएको र सो घरको पुरानो सामाग्री प्रयोग गरि ३ कोठे घर निर्माणका लागि आवश्यक बाँकी सामाग्री खरिद गर्न र अन्य श्रमिक खर्च सहित रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख) अनुदान दिने निर्णय गरियो।

**निर्णय नं.११.** यस धनगढी उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्य उपकरण खरिद गर्न अति आवश्यक देखिएकाले सो सामाग्री खरिदका लागि चालू आ.व. २०७७/०७८ को स्वास्थ्य तर्फ नेपाल सरकार- समानिकरण अनुदानको "औषधि खरिद तथा ढुवानी" बजेट शिर्षक नं. २७२१३ मा स्विकृत रकम रु. २१,००,०००।- (अक्षरेपी एक्काईस लाख) मध्येबाट "स्वास्थ्य उपकरण खरिद" का लागि रकम रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख) तथा "MNH on site coaching का लागि डमी (मोडेल) खरिद" योजना छुट भएकाले सो का लागि रकम रु. २,००,०००।- (अक्षरेपी रु दुई लाख ) बजेट संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं.१२.** आ.व. २०७७/०७८ मा विविध कारणबस परिवर्तन/ संशोधन एवंम् एकीकरणको लागि वडा कार्यालयबाट सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरुलाई लेखा सुत्र प्रणाली अनुसार सम्बन्धित शिर्षकबाट योजना परिवर्तन गरी सुत्र प्रणाली संग भिडान हुने गरि परिमार्जन गर्ने निर्णय गरियो।

तपसिल:-

| क्र.सं. | आ.व. ०७७/०७८ छनौट भएका योजनाहरु | सम्बन्धित वडाबाट योजना परिवर्तनको माग भई सिफारिस आएका योजनाहरु | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | सि.नं. २८४ धनगढी उप-महानगरपालिका-३, शिव पार्वती आधारभुतको पर्खाल निर्माण गर्ने काम रु.३,००,०००।- | धनगढी उप-महानगरपालिका-३, शिव पार्वती आधारभुत विद्यालयको चौरमा माटो भरान तथा विद्यालयको व्यवस्थापन रु.३,००,०००।- | | योजना परिवर्तन / संशोधन गर्ने ब्यहोराको सिफरिस पत्र आएको। |
| २. | सि.नं. २९२ धनगढी उप-महानगरपालिका-४, रा.तु.मा.वि.का लागि कक्षा कोठा निर्माण गर्ने काम रु.११,००,०००।- | धनगढी उप-महानगरपालिका-४, रा.तु.मा.वि.को नव निर्मित भवनको कक्षा कोठाका लागि ६० सेट फर्निचर खरिद रु.४,५०,०००।- TESC कार्यक्रमका विद्यार्थीहरुका लागि पशु प्रयोगशाला कम्पाउण्ड तार | | योजना परिवर्तन / संशोधन गर्ने ब्यहोराको सिफरिस पत्र आएको। |

| | | जालि घेरवार रु. ६,५०,०००।- | | |
|---|---|---|---|---|

**निर्णय नं. १३**

यस उपमहानगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट सशर्त वित्तिय हस्तान्तरण मार्फत प्राप्त लागद साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रममा रु. २२,००,०००। र लागद साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रममा रु. २१,८०,०००। विनियोजन भएकोमा लागद साझेदारीमा पशुपंछी प्रवर्द्धन कार्यक्रम कार्य सञ्चालन प्रक्रिया सम्वन्धि मार्गदर्शन २०७७ को परिच्छेद ५ को बुंदा नं. ३ (ङ) मा सशर्त वित्तिय हस्तान्तरण मार्फत स्थानिय तहमा सञ्चालन हुने कार्यक्रमको लागि संघिय निकायबाट सम्वन्धित स्थानिय तहले लागत सहभागिता गर्नु पर्ने भनि तोकिएकोमा लागत सहभागिताका लागि अन्य श्रोत नभएकोले तपसिल बमोजिम कार्यक्रम संशोधन गरि लागत सहभागिता सुनिश्चित गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | आ.व. २०७७/०७८ छनौट भएका योजनाहरु | सम्बन्धित शाखाबाट योजना परिवर्तनको माग भई सिफारिस आएका योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सि.नं. ८२७, साइलो टिप निर्माण रु.४,००,०००।-, सि.नं.८३०, युरिया मोलासेस मिनरल ब्लक खरिद रु.३,००,०००।- र सि.नं.८३५, माइकोस्कोप खरिद - पशु सेवा ) रु. ३,००,०००। मध्ये रु. २,२०,०००।- | सि.नं. ९६९ मा लागत साझेदारीमा भैसी प्रवद्धन कार्यक्रम रु. २१,८०,०००।-। मा सि.नं. ८२७, सि.नं. ८३० को रकम र सि.नं. ८३५ को रकम रु. ३,००,०००।- मध्ये रु २,२०,०००।- थप गरि जम्मा रु. २९,८०,०००।- | | सम्बन्धित शाखाबाट योजना परिवर्तनको माग भई आएको । |
| २. | सि.नं. ८३७, चिलिंग भ्याट स्थापना रु. २,००,०००।- को रकम सि.नं. ९६८ मा थप | सि.नं. ९६८, लागत साझेदारीमा गाई प्रवद्धन कार्यक्रमका रु. २२,००,०००।- मा सि.नं. ८३७ को रकम थप गरि जम्मा रु. २४,००,०००।- | | सम्बन्धित शाखावाट योजना परिवर्तनको माग भई आएको । |
| ३. | सि.नं. ८०६ व्यवसायिक फलफुल विकास कार्यक्रम रु. २०,००,०००।- | व्यवसायिक फलफुल विकास कार्यक्रम रु.१७४००००।- | | सम्बन्धित शाखाबाट योजना परिवर्तनको माग भई आएको । |
| | | न्यू कालिका मा.वि. सिचाई बोरिग गाडने रु. १३००००।- | | सम्बन्धित शाखाबाट योजना परिवर्तनको माग भई आएको । |
| | | जि.प्र.का परिसरमा बोरिङ्ग गाड्न रु. १३००००।- | | सम्बन्धित शाखाबाट योजना परिवर्तनको माग भई आएको । |

**निर्णय नं.१४** धनगढी उप_महानगरपालिकाका विभिन्न वडा अन्तरगत स्वास्थ्य चौकी र आयुर्वेद औपधालयमा ईन्टरनेट जडानको लागि स्वीकृत प्राविधिक प्रतिवेदन अनुसारको रु. ३,००,०००।- (अक्षरेपी तीन लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५.** धनगढी उपमहानगरपालिकाका वडा नं. २, कृष्णनगर बस्ने विना कुमारी शर्माको घर नजिकमा खानेपानी हेण्डपाइप जडानको लागि प्राविधिक प्रतिवेदन अनुसारको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१६.** सङ्घीय आयोजना कार्यान्वयन इकाई मार्फत आगामी आ.व. २०७८/०७९ मा यस धनगढी उप-महानगरपालिका क्षेत्रमा संचालन हुने गरी तपसिल बमोजिमका योजना स्वीकृत गरी बजेट व्यवस्थापनका लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

<u>तपसिल :</u>

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | परिमाण | इकाई | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रिंगरोड निर्माण (राजपुरदेखि बेला हुँदै बिजुलिया सम्म) | ३, ११, १३ | २० | कि.मि. | ८० करोड | |
| २ | मोहना नदी कोरिडोरमा साइकल ट्रयाक सहित पर्यटन पूर्वाधार निर्माण | ३ | १० | कि.मि. | ५ करोड | |
| ३ | खुला मञ्च निर्माण (पूर्वाधार) | १ | १ | ओटा | ५ करोड | |
| ४ | TCN Officeलक्ष्मीनगर सडक कालोपत्रे | १ | १ | कि.मि. | ४ करोड | |
| ५ | सि गाउँ चोकदेखि भट्टेखोला हुँदै सिद्धनाथ मा.वि. जाने सडक कालोपत्रे | १२ | ३ | कि.मि. | १० करोड | |
| ६ | तरबरिया - उर्मा नर्सरी - वडा कार्यालय सडक कालोपत्रे | १५ | ३ | कि.मि. | ११ करोड | |
| ७ | हुलाकी रोड - त्रिपन्न टोल सडक कालोपत्रे | १४ | १.५ | कि.मि. | ५ करोड | |
| ८ | आई गाउँ स्कुल सडक कालोपत्रे | १९ | १ | कि.मि. | ३ करोड | |
| ९ | कृषि हाटबजार - नुक्लिपुर सडक कालोपत्रे | १८ | २ | कि.मि. | ५ करोड | |
| १० | तिल्केताल Water Park निर्माण | २ | १ | ओटा | ५ करोड | |
| ११ | Bird View Conservation Park निर्माण | ३ | १ | ओटा | २ करोड | |
| १२ | श्रीलंका USAID पुलदेखि भगवती स्कुलसम्म सडक कालोपत्रे | १३ | १ | कि.मि. | ३ करोड | |
| १३ | पञ्चकोटी मिलदेखि बेला जाने सडक कालोपत्रे | ६ | ६०० | मि. | १ करोड | |
| १४ | पुरानो हसनपुर - गोबरग्यास सडक | ५ | ८०० | मि. | १.५ करोड | |
| १५ | आर्मी व्यारेक - शिवपुरी धाम सडक कालोपत्रे | ४ | १.५ | कि.मि. | ५ करोड | |
| १६ | माइती नेपाल सडक कालोपत्रे | २ | ७०० | मि. | ५ करोड | |
| १७ | मनेहरा - घुइयाँघाट सडक स्तरोन्नति | ७ | १.५ | कि.मि. | ७ करोड | |
| १८ | बेला धाम लिंक रोड निर्माण | ११ | ७०० | मि. | ५ करोड | |
| १९ | कनरी पार्कमा खानेपानी ट्यांकी निर्माण | १५ | १ | ओटा | १ करोड | |
| २० | घुरही सडक कालोपत्रे | १६ | २ | कि.मि. | ८ करोड | |
| २१ | क्याम्पस चटकपुर खण्डको उत्तर हसनपुर तारा शर्माको घर हुँदै पिपलचौतारा जोड्ने सडक कालोपत्रे तथा नाली निर्माण | ५ | १ | कि.मि. | २ करोड | |
| २२ | शिवनगर खानेपानी टंकीदेखि उत्तर शेर ब. भाटको घर हुँदै दाहालटोल गौरीशंकर मन्दिरसम्म सडक कालोपत्रे तथा नाली निर्माण | ५ | २ | कि.मि. | ३ करोड | |
| २३ | सरस्वती टोलदेखि शान्ति (गिरी) टोलसम्म साइकल ट्रयाक सहित मोहना नदी कोरिडोर निर्माण | ९ | ५ | कि.मि. | १ करोड | |
| २४ | ए गाउँ बिर बहादुर थापाको घरदेखि कविराज जोशीको घर हुँदै कम्पनि जाने सडक कालोपत्रे | १२ | १ | कि.मि. | २ करोड | |
| २५ | ध.उ.म.न.पा. वडा नं. १ र ५ जोड्ने पौष्टिक आहार कार्यालयको उत्तरपट्टि सुकुटी नालामा पक्कि पुल निर्माण | १, ५ | १ | ओटा | ५ करोड | |
| २६ | ध.उ.म.न.पा.५ जनक ब. सिंहको घर अगाडी पार्क (उद्यान) निर्माण | ५ | १ | ओटा | १ करोड | |
| २७ | तारानगर खसडचोक हरि खत्रीको घरदेखि लोकराज ओझाको घरसम्म दोहोरो नाली निर्माण | ५ | १ | ओटा | १.५ करोड | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | पन्वकोटी स्कुलदेखि बेला जाने सडक नाली सहित कालोपत्रे | ६ | ६०० | मि. | १ करोड | |
| २९ | भादा बिन्तुराम चौधरीको घरदेखि जलघुस्रा केराबारी हुँदै बाँसबारी नन्दा शाहुको घरसम्म सडक कालोपत्रे | १६ | ३ | कि.मि. | १० करोड | |
| ३० | ओझा टोल गौरिगंगा न.पा.को सिमानादेखि आमबारी, बाँसबारी हुँदै भादा सिताराम चौधरीको घरसम्म सडक कालोपत्रे | १६ | ३.५ | कि.मि. | १० करोड | |
| ३१ | ध.उ.म.न.पा श्रीलंका पिच सडक पश्चीम सिमलको रुख हुदै चमेली मगरको घरसम्म सडक कालोपत्रे | १३ | १ | कि.मि. | २ करोड | |

**निर्णय नं. १७.** उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७७/०५/०२ को सूचना अनुसार प्रत्येक स्थानीय तहमा एक औद्योगिक ग्राम स्थापना गरी संचालनमा ल्याउने भन्ने व्यहोराको सूचना एवं औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धि कार्यविधी अनुसार वडा नं. १५ को टनपुर खल्लाको जगामा अद्यौगिक ग्राम स्थापनाका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जग्गा उपलब्ध गराउन पत्राचार गरिएकोमा मन्त्रालयबाट उद्यौगिक ग्रामको विस्तृत परियोजना प्रतिवेदन पठाउन लेखी आएकोले उक्त अद्योगिक ग्रामको लागि डिपिआर र वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८.** धनगढी उपमहानगरपालिका -४ दक्षिणकाली मार्गमा कालोपत्रे सडक तथा नाली निर्माण कार्य M.K/TEDIJV द्वारा भइरहेकोमा, स्थानीय बासिन्दा द्वारा, उक्त सडकमा नाली देखि नाली पुरै चौडाइमा (८.०मी) र मोटाईमा २० एमएम को ठाउँमा ४० एमएम हुनुपर्ने भनि माग भई आएकोले प्राविधिकको राय अनुसार नियमानुसारको Variation सीमामा रहने गरि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९.** यस धनगढी उपमहानगरपालिका वडा नं. १४ मा रहेको दोरजे तासी छेलिङ्ग गुम्बालाई भैपरी शिर्षकबाट खर्च लेख्ने गरी रु. ८,००,०००।- (अक्षेरपी आठ लाख) दिने निर्णय गरियो ।

**निर्णय नं. २०.** मेयर एसपिए कप छात्रा (Girls) भलिवल प्रतियोगिताका लागि रु. १,५१,०००।- (अक्षरेपी एक लाख एकावन्न हजार) दिने निर्णय गरियो ।

**निर्णय नं. २१.** विश्व हिन्दु युवा संघ सुदूरपश्चिम प्रदेशलाई महाशिवरात्रीको अवसरमा गोदावरीमा संचालन गरिने शिवरात्री विषेश कार्यक्रमका लागि रु. १००,०००।- (अक्षरेपी एक लाख) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२.** यस धनगढी उपमहानगरपालिका वडा नं.५ स्थित आदर्श टोल ज्ञानु किराना पसल देखि ऐश्वर्यको पूर्वी गेट जाने सडकमा पक्की नाली निर्माण गर्न रु १०,०३,०००।-(अक्षरेपी दस लाख तिन हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३.** नास्ट कलेजलाई पहिलो धनगढी स्पिकर प्रतियोगिताका लागि रु. ३०,०००।- (अक्षरेपी तीस हजार) सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.२४.** ०७७ सालको महिला दिवस कार्यक्रम संचालनका लागि रु. १,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५.** यस उपमहानगरपालिका वडा नं. ४ भगवती टोल नमस्ते युवा क्लबलाई महिला पेनाल्टी सुट आउटका लागि उपमेयर कपबाट खर्च हुने गरी रु. १,००,०००।- (अक्षरेपी एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२६** बिरेन्द्र स्वाँर स्मृती कप क्रिकेट प्रतियोगिताका लागि रु. ५१०००।- (अक्षरेपी एकावन्न हजार ) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२७** ऐश्वर्य वहुमुखी क्याम्पस साहित्य समाज धनगढी, कैलालीलाई रु. २५०००।- (अक्षरेपी पच्चीस हजार ) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२८.** फुलवारी/ जुगेडालाई लोसार पर्व खर्च रु. ६०,०००।- (अक्षरेपी साठी हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२९.** यस धनगढी उपमहानगरपालिका वडा नं. ११ थापाचोक देखि वैठा टोल जाने सडकमा काठेपुल निर्माणका लागि भैपरी शिर्षकबाट रु ६,००,०००।-(अक्षरेपी छ लाख) दिने निर्णय गरियो।

**निर्णय नं.३०.** धनगढी उपमहानगरपालिका वडा नं. १३ स्थित रहेको शिव मन्दिर जिर्ण अवस्थामा पुगेको हुँदा यस उपमहानगरपालिकाले तयार पारेको ईष्टिमेट बमोजिम मर्मत कार्य अगाडी बढाउनुका साथै आउँदै गरेको शिवरात्रीमा मन्दिर व्यवस्थापन समिति मार्फत सन्चालन हुने कार्यक्रमका लागि रु. ३०००।- (अक्षरेपी तीन हजार) सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.३१** यस उपमहानगरपालिका वडा नं.१ कृष्णटोलमा ढल वाईपास गर्ने काम भैपरी आउने पुजिगत शिर्षक अन्तर्गत स्वीकृत भएकोमा उक्त शिर्षकमा रकम अभाव भएकोले उक्त कामको भुक्तानी धनगढी उपमहानगरपालिका वडा नं. १५, १६ र १९ रा.आ.वि, उर्मि बेहडाबाबा मा.वि र फुलबारी मा.बि को अधुरो भवन निर्माण गर्ने काममा बाँकी रकमबाट भुक्तानी दिने।

**निर्णय नं.३२** यस धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र फर्म रोयल पवन जे.भी. बिच Taulaha Tall Pond Conservation -63/DSMC/2074/75 को रु.२३४८५५१५.४६ मा सम्झौता भई निर्माण कार्य भईरहेको र बाहिरी वाल निर्माण गर्नका लागि कार्यस्थलमा गर्नुपर्ने माटो भरानको Quantity हालको Site condition अनुसार Estimation गर्दा BOQ मा भएको (१४४६.२८ घ.मि.) भन्दा अत्यधिक बढी (९७२१.३५ घ.मि) आएकोले उक्त कार्य पेश गरेको न्यून दर रेट अनुसारमा Variation गर्दा गर्न नसक्ने भनि निर्माण व्यवसायि रोयल-पवन जे.भी.को प्रतिनिधी श्री महेश महराबाट निबेदन प्राप्त भएकोले उक्त BOQ मा भएको Quantity मा २५% सम्म Variation गरि उक्त काम निर्माण व्यवसायि रोयल-पवन जे.भी.बाट गराउने र बाँकी ६१०९.३७ घ.मि. (रु. ३६२८२११.८६) बराबरको काम जनश्रमदान सहित उपभोक्ता समितिबाट गराउने गरि सहमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.३३.** यस धनगढी उपमहानगरपालिका र सिटिईभिटीको साँझेदारीमा संचालन भै रहेको धनगढी पोलिटेक्निक इन्स्टिच्युटमा प्रिन्सिपलको रुपमा विगत एक बर्षदेखि कामकाज गर्दै आउनुभएका श्री टेकेन्द्र कुमार देउवालाई हाल सृजना भएको निर्देशक पदमा २०७७ माघ १ देखी लागू हुने गरी करार सेवामा नियुक्त गर्ने निर्णय गरियो।

**निर्णय नं.३४.** यस धनगढी उपमहानगरपालिका अन्तर्गतका विभिन्न वडामा खटिने प्राविधिक कर्मचारीहरुलाई हाल १० लि. पेट्रोल दिने गरिएको तर सो परिमाण फिल्डमै खटिने कर्मचारीहरुलाई कम परेको देखिएकोले वडा नं. १४, १५,१६,१७, १८ र १९ मा खटिने प्राविधिक कर्मचारीहरुलाई प्रति महिना २० लि. र अन्य वडामा खटिने प्राविधिक तथा योजनाशाखाका कर्मचारीहरुलाई प्रति महिना १५ लि. पेट्रोल दिने निर्णय गरियो।

**निर्णय नं. ३५.** शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरीलाई मिति २०७७/११/०९ को पत्रबाट सार्वजनिक सौचालयहरुको अवस्था र आवश्यकता सम्बन्धमा पत्राचार हुँदा विभिन्न सात स्थानमा नयाँ सौचालयको आवश्यकता रहेको भनी प्रस्ताव गरिएकोले उक्त स्थानहरुमा सार्वजनिक सरकारी जग्गा सार्वजनिक सौचालय निर्माणका लागि उपलब्ध गराउने प्रतिवद्धता गर्ने निर्णय गरियो।

**निर्णय नं. ३६.** जिल्ला प्रहरी कार्यालय, कैलालीको आयोजनामा संचालन हुने समुदायमा प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सड्क दुर्घटना, लागू औषध, साईबर अपराध, घरेलु हिंसा, लैङ्गिक हिंसा न्यूनीकरण गर्ने उद्देश्यले यस धनगढी उपमहानगरपालिकाको विभिन्न स्थानहरुमा जनचेतनामूलक होर्डिङ्ग बोर्ड राख्न जि.प्र.का कैलालीलाई रु. १,९४,४००।- (अक्षरेपी एक लाख चौरानब्बे हजार चार सय) उपलब्ध गराउने निर्णय गरियो।